लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, आर्थिक प्रशासन, राजस्व, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।१०।२२

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

## विषय : सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. उत्प्रेरणा भनेको के हो? उत्प्रेरणाका मौद्रिक तथा गैह्र मौद्रिक प्रोत्साहनहरू के-के हुन्? उल्लेख गर्नुहोस् । १+४=५

२. जिन्सी व्यवस्थापन अन्तर्गत खर्च भएर नजाने (खप्ने मालसामानको) जिन्सी खाता बारे स्पष्ट गर्नुहोस् । ५

३. आर्थिक प्रशासनलाई परिभाषित गर्दै यस अन्तर्गत पर्ने कार्यहरू उल्लेख गर्नुहोस् । २+३=५

४. डेबिट र क्रेडिटका नियमहरू उल्लेख गर्दै कुनै एक नियमको प्रयोग उदाहरण सहित प्रस्तुत गर्नुहोस् । ३+२=५

५. प्रोदभावी (Accrual Basis) लेखा प्रणालीको परिचय दिंदै प्रोदभावी लेखा प्रणाली र नगदमा आधारित (Cash Basis) लेखा प्रणालीबीच रहेका भिन्नताहरू उल्लेख गर्नुहोस् । २+३=५

६. बैंक नगदी किताब (Bank Cash Book) को परिचय दिंदै यसको खण्डहरूबारे उल्लेख गर्नुहोस् । १+४=५

७. सार्वजनिक प्रशासन भनेको के हो? यसका उद्देश्यहरू उल्लेख गर्दै वर्तमान सन्दर्भमा सार्वजनिक प्रशासनका सामु रहेका चुनौतीहरू लेख्नुहोस् । २+३+५=१०

८. राजस्व भनेको के हो? नेपाल नागरिक उड्डयन प्राधिकरणको राजस्वका स्रोतहरू परिचालनमा देखिएका समस्याहरू पहिचान गर्दै ती समस्याहरू समाधानका उपायहरू के-के हुन सक्दछन्? प्रस्तुत गर्नुहोस् । २+४+४=१०

### खण्ड "ख" — ३० अङ्क

९. नेपालमा पर्यटन क्षेत्रमा देखिएका प्रमुख समस्याहरू उल्लेख गर्नुहोस् । ५

१०. नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ बमोजिम के-कस्ता विषयमा प्रमुख वायुयान चालक (पाइलट इन कमाण्ड) सन्तुष्ट नभई वायुयान उडान गर्नु हुँदैन? उल्लेख गर्नुहोस् । ५

११. भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कस्तो सम्पत्तिलाई गैर कानूनी रूपमा आर्जन गरेको मानिन्छ? उल्लेख गर्नुहोस् । ५

१२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले अपनाउनुपर्ने कार्यविधि लेख्नुहोस् । ५

१३. लेखा परीक्षण भनेको के हो? यसको महत्वमाथि प्रकाश पार्दै लेखा परीक्षण ऐन, २०७५ अनुसार महालेखा परीक्षकले औचित्यको दृष्टिकोणबाट के-कस्ता कुराहरू परीक्षण गर्न सक्दछ? उल्लेख गर्नुहोस् । २+३+५=१०

### खण्ड "ग" — २० अङ्क

१४. कुनै व्यापारीले ५ दर्जन कलम रू. २५ का दरले खरिद गरी रू. २४ का दरले बिक्री गर्दा कति प्रतिशत नोक्सान भयो होला? पत्ता लगाउनुहोस् । ५

१५. एउटा परीक्षामा सम्मिलित ९० जना परिक्षार्थीहरू मध्ये ६० प्रतिशत केटाहरू थिए । यदि ७५ जना विद्यार्थीहरू उत्तीर्ण भएकोमा ६४ प्रतिशत केटाहरू थिए भने अनुत्तीर्ण केटीहरूको संख्या कति होला? पत्ता लगाउनुहोस् । ५

१६. Write the major fields of application of PowerPoint presentation. Mention the basic features of electronic spreadsheet. 5+5=10

:: समाप्त ::